# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२७,फागुन/ चैत्र, २०६८


## भित्र


सामाजिक परिवारसँग अन्तरक्रिया.................................२



१०२औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो .........................................३



४७औं अन्तर्राष्ट्रिय विभेद उन्मूलन दिवसमा समग्र सम्मानित ....................................३



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


## सार्वजनिक सुनुवाइ कार्यक्रम

सिरहा जिल्लाको “समग्र मानवअधिकारका लागि शान्ति सुरक्षाको सवाल” विषयमा समग्र विकास सेवा केन्द्र क्षेत्रीय कार्यालय लहान र मानवअधिकार संरक्षण केन्द्र (सञ्जाल) को संयुक्त आयोजनामा सार्वजनिक सुनुवाइ कार्यक्रम जिल्ला विकास समितिको हल सिरहामा सम्पन्न भयो । मानवअधिकार संरक्षण केन्द्र (सञ्जाल) का संयोजक विनोदकुमार बिसुन्केको अध्यक्षतामा भएको सो कार्यक्रमका प्रमुख अतिथि माननीय बिनाविभागीय मन्त्री राजलाल यादव हुनुहुन्थ्यो। समग्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले सहभागीहरूलाई स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। सिरहा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका पदाधिकारीहरू, जिल्ला स्तरका राजनीतिक नेताहरू, उद्योग वाणिज्य संघका व्यापारीहरू, जिल्लाभित्रका शान्ति सुरक्षा नपाएका/घटनामा परेका पीडित व्यक्तिहरू,कर्मचारी,पत्रकार, मानवअधिकार-कर्मी, नागरिक समाज एवम् सामाजिक परिवारका पीडित व्यक्तिहरू गरी ११४ जना भन्दा वढी त्यस कार्यक्रममा सहभागी भएका थिए।

उद्योग वाणिज्य संघ सिरहाका सचिव वसन्त साहले घटना घटछ, मिडियामा आउँछ १-२ महिनामा सेलाएर जान्छ । भारतबाट सुपारी, लसुन जस्ता समान समात्यो भने प्रहरीले पैसा खाएर मात्र छोड्ने गर्दछ । भन्सारको व्यवस्था गर्न, शान्ति सुरक्षालाई प्रमुख प्राथमिता जस्ता भनाइहरू व्यक्त गर्नुभयो । दलित उत्थान सामाजिक परिवार सिसवनीका अध्यक्ष श्यामोदेवी दासले जिल्ला विकास समितिमा आएका स्रोतहरू जिल्लाका राजनीतिक दलका नेताहरूले दलीय भागबन्डा गरी बाँडफाँड गर्ने गरेका छन्, जनतालाई दिने गरेका छैनन् जनतालाई पाउने गरी व्यवस्थामा सुधार हुनुपर्‍यो भनी राजनीतिक दलका नेताहरूलाई ध्यानाकर्षण गराउनुभयो । सिरहा नगरपालिकाका पूर्वमेयर रामानन्द मण्डलले सिरहा जिल्लाको कारागार पनि सुरक्षित छैन भने जनताले कहाँबाट शान्ति सुरक्षा पाउन सकिन्छ ? सिरहा जिल्लाको बेल्हा प्रहरी चौकीभन्दा २ सय मिटर नजिक गाउँमा २ घण्टासम्म डकैती भयो तर प्रहरी पुग्न सकेन । यसमा प्रहरीहरूको मिलोमतोमा






घटनाहरू भइरहेका छन् भन्ने अनुमान गर्न सकिन्छ । गोलबजारका प्रहरीबाट यातना भोगेका पीडित रविन्द्र साहले बिनाकारण मलाई अपहरण शैलीमा हतकडी लगाएर प्रहरीद्वारा इलाका प्रहरी कार्यालय गोलबजार लगियो । निलडाम हुने गरी कुटपिट गरियो ।मलाई किन कुटपिट गरेको हो भन्दाखेरी प्रहरीले केही बताएनन्। प्रहरी थानामा १९ जना थुनुवाहरूमध्ये १ जना गाँजाकाण्डमा पक्राउ परेका बाहेक अरू १८ जना निर्दोष व्यक्तिहरू मात्र रहेका थिए । कार्यक्रममा इन्सेक जिल्ला संयोजक देवराज पोखरेलले कसहाबाट हरिशचन्द्र महतोलाई राति १०:०० बजे अपहरणको शैलीमा प्रहरीले पक्राउ गरी लगी यातना र अमानवीय व्यवहार गरेको र भोलिपल्ट एसपीलाई सोध्दा थाहा छैन भने, यो कति गैरजिम्मेवारपूर्ण अभिव्यक्ति हो ? पत्रकार अर्जुन थपलियाले सिरहा जिल्लामा प्रशासन र सुरक्षा निकायको संलग्नतामा अपराधीहरूले अपराध गरिरहेका कैयौं घटना सार्वजनिक भइसकेका छन् र अपराधीहरूलाई अनुसन्धानका क्रममा पञ्चायती शैलीकै अवस्थामा यातना दिइने गरेको र त्यसमा प्रहरीको पनि संलग्न रहेको ठोकुवा गर्नुभयो । कार्यक्रममा नेका जिल्ला सचिव नरेश यादवले लक्ष्मी नियामा जिल्ला प्रहरी कार्यालयभन्दा १ किलोमिटर पूर्वमा १ जना युवकलाई घाँटी रेटेर हत्या भयो । २ दिनपछि जाहेरी दिँदा पनि प्रहरी कार्यालयले जाहेरी दर्ता गर्न मानेन । यसबाट प्रहरीले के गर्न खोजेको हो सो बुझ्न सकिएन ? मधेसी जनअधिकार फोरमका अध्यक्ष किशोरी यादवले प्रशासन र सुरक्षा निकायकै जनशक्तिबाट जिल्लामा शान्ति सुरक्षा हुन सक्ने अवस्था नरहेकाले प्रशासन र सुरक्षा निकायले इमानदारीपूर्वक राष्ट्रसेवकको भूमिका निर्वाह गर्नुपर्ने र सबै राजनीतिक दल तथा नागरिक समाजले साथ दिए मात्र शान्ति सुरक्षा कायम हुन सक्छ । एमाले पार्टीका जिल्ला अध्यक्ष लिलानाथ श्रेष्ठले जिल्लामा भएका चोरी, डकैती, हत्याहिंसा, चन्दा, फिरौती आदिका

> *सहायक प्रमुख जिल्ला अधिकारी किशोर चौधरीले शान्ति सुरक्षा जस्तो सम्बेदनशील कुरा प्रशासन र सुरक्षा निकायबाट मात्र सम्भव नहुने हुँदा यसमा सवै राजनीतिक दल, नागरिक समाज, पत्राकार, सामाजिक संघ-संस्था आदि सबै पक्षको*

विषयमा सवाल कायम गरी एमाले जिल्ला कमिटी सिरहाबाट दोस्रो चरणको आन्दोलन घोषण गरिसकेको जानकारी गराउँदै जिल्लामा शान्ति सुरक्षामा सुधार ल्याउन नसक्नुमा जिल्लाको सुरक्षा निकाय र प्रशासन दोषी र हेको जिकीर गर्नुभयो । शान्ति सुरक्षा र हाम्रा मागलाई सम्बोधन नभएमा कडा आन्दोलन गर्ने चेतावनीसमेत दिनुभयो । बेल्हा र लक्ष्मी निया घटना प्रहरी चौकी नजिकै भए तापनि प्रहरीले केही गर्न नसकेको र यस्ता घटनाहरूले प्रहरी प्रशासनलाई एक चुनौती दिएको कुरा कार्यक्रमका सहभागीहरूले जोड दिएका थिए । सशस्त्र प्रहरी सुरक्षा बलका एसपी हरिचन्द्र अधिकारीले सीमा सुरक्षा र अवैध व्यापार तथा जिल्लाका अपराधी गतिविधि नियन्त्रणका लागि क्रियाशील रहेको र अपराधीहरू तथा घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी जनपथ प्रहरी कार्यालयमा अनुसन्धानका लागि बुझाएको र यसबाट शान्ति सुरक्षामा सहयोग पुग्नुका साथै राजस्व वृद्धि भएको छ भन्नुभयो । जिल्ला प्रहरी कार्यालयका एसपी राजेशकुमार लाल कर्णले “म यस जिल्लामा भर्खर मात्र आएको र जिल्लाको अवस्था पूर्ण जानकारी नहुँदै विभिन्न घटनाहरू भएको र ती घटनाहरूलाई अनुसन्धान गरिरहेको हुँदा सोचे जस्तो सुरक्षा दिन नसकेको स्वीकार गर्दै अगामी दिनमा सुरक्षा व्यवस्थालाई व्यवस्थित वनाउने र यस कार्यमा सबै जनाले साथ दिएमा मात्र सफल हुन सक्छ,” भन्नुभयो । जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी किशोर चौधरीले शान्ति सुरक्षा जस्तो सम्बेदनशील कुरा प्रशासन र सुरक्षा निकायबाट मात्र सम्भव नहुने हुँदा यसमा सवै राजनीतिक दल, नागरिक समाज, पत्राकार, सामाजिक संघ-संस्था आदि सबै पक्षको सहयोग र सदभाव हुनुपर्ने विचार व्यक्त गर्नुभयो । यस्ता सार्वजनिक सुनुवाई कार्यक्रमहरू बेला-बेलामा भइरहेमा शान्ति सुरक्षा र आम जनताका पीडाहरुलाई संवोधन गर्नमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । ●

## सामाजिक परिवारसँग अन्तरक्रिया

समग्रको जिल्ला कार्यालय उदयपुर र क्षेत्रीय कार्यालय लहानको संयुक्त आयोजनामा त्रियुगा नपा. वडा नं.११ लालपताको ज्योति सामाजिक परिवारका अध्यक्ष लक्ष्मी ढकालको अध्यक्षतामा समीक्षा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा महिला १५ र पुरुष २५ जना गरी ४० जनाको सहभागिता थियो । कार्यक्रममा स्वागत मन्तव्य समग्रका उत्प्रेरक प्रेमकुमारी थापा मगरले गर्नुभएको थियो । कार्यक्रमबारे जानकारी समग्र विकास सेवा केन्द्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले गर्नुभयो । साथै समग्रद्वारा उदयपुर जिल्लामा ७ वटा गाविस र १ नपा. सीमान्तकृत मानिसहरूको सशक्तीकरण अभियान कार्यक्रम सञ्चालन भइरहेका छन् । जसमा ३९ सामाजिक परिवारमा ९२४ जना

सदस्य आबद्ध रहेका छन् । समग्रले सीमान्तकृत मानिसहरूलाई अधिकारका बारेमा जानकारी गराई उनीहरूले आफ्नो अधिकारका लागि स्थानीय निकाय, जिल्ला स्थित सरकारी निकायहरूमा सेवा-सुविधा लिन सकिन्छ र मानवअधिकारका बारेका जानकारी सामाजिक परिवारका माध्यमबाट गराउँदै आइरहेका छन् भन्दै सहभागीहरूलाई महतोले जानकारी गराउनु भयो । उदय साप त्रिवेणीका अध्यक्ष जनक माझीले समग्रले २०५२ सालदेखि समग्र विकास सेवा केन्द्रले त्रिवेणी काम गर्दै आइरहेको छ । यस ठाउँमा समग्रले धेरै राम्रो काम गरेको छ, भन्नु भयो आयआर्जन गर्न र आफ्नो गाउँ आफैं बनाउनुपर्दछ भन्दै वातावरण सरसफाइ कार्यक्रमका प्रतीनिधि मुकेश भट्टराईले समग्रले गाउँघरमा अधिकारमुखी कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । समग्रसँग मिलेर हामीले काम गरिरहेका छौं । हामीले चर्पी निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छौं भन्नुभयो । जीवनज्योति बचत तथा ऋण सहकारी संस्था देउरीका अध्यक्ष जलदेव चौधरीले, समग्रमा महिला-पुरुष समान किसिमले काम गर्दै आइरहेका छन् । पहिले महिलाहरू गाउँघरमा बोल्न सक्दैन थिए । अहिले बोल्न सक्ने, सभा समारोहमा जाने र अधिकारका लागि लडिरहेका छन्, भन्नुभयो । छिडीखोला साप हडियाका अध्यक्ष विनोद कार्कीले समग्रले अधिकार सँगसँगै सीपमूलक कार्यक्रम सञ्चालन गरिदिए अझ राम्रो हुन्थ्यो भन्ने सुझाव दिनुभयो । ●

# १०२औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो

गोरखा : गोरखा नपा, खोप्लाङ र छोप्राक गाविसका सापहरूले छोप्राकको हरियाली सापमा नारी दिवस ऱ्याली, सभा र सम्मान



कार्यक्रमको आयोजना गरी मनाए । सो अवसरमा छोप्राक गाविसका ३ जना बिधुवा भएर पनि महिला हक-अधिकारका लागि सङ्घर्षरत मोहनमया श्रेष्ठ, बुङकली कुमाल र मिठुमया कुमाललाई रातो टीका, दोसल्ला



ओढाई सम्मान गरियो । त्यसै गरी नारीको वेदना, घरेलु हिंसा तथा भेदभाव जस्ता सामाजिक विसङ्गतिलाई हटाउनुपर्ने खालका गीत तथा नाचको प्रदर्शन गरिनुका साथै ५० भन्दा बढी सहभागीहरूको जुलुसले धर्मावती मावि हुँदै स्थानीय बजार परिक्रमा गरेको थियो । कार्यक्रममा सापहरूका प्रतिनिधि, समग्रका कर्मचारी, स्थानीय नागरिक समाजका अगुवाहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूलगायतको सहभागिता थियो ।

धादिङ : १०२औं नारी दिवस 'महिलाहिंसा अन्त्य गरौं, सहिष्णुता कायम गरौं' भन्ने मूल नाराका साथ समग्र र विभिन्न संघसंस्थाहरूको संयुक्त आयोजनामा वेनीघाट गाविसमा ऱ्याली, अन्तरक्रिया र छलफल कार्यक्रम गरी मनाइयो । जसमा नागरिक समाजका अगुवाहरू, स्थानीय शिक्षक, गाविस सचिव, विभिन्न पेसाकर्मी, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू गरी १९५ जनाको सहभागिता थियो ।

**उदयपुर** : १०२औं अन्तर्राष्टिय नारी दिवस समग्र विकास सेवा केन्द्रलगायत उदयपुर जिल्लामा सञ्चालन रहेका गैससंहरूको संयुक्त आयोजनामा २०६८ फाल्गुन २२ गते त्रि.नपाको सभा हलमा गैससं महासंघकी उपाध्यक्ष महेश्वरी राईको अध्यक्षतामा र गैससं महासंघकी केन्द्रीय सदस्य सृजना दनुवारको प्रमुख आतिथ्यमा महिलासम्बन्धी सरोकारका विषयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरियो ।

**सिरहा** : समग्रलगायत २० वटा संघसंस्थाहरूले महिलाअधिकार दिवस सिरहा जिल्लाको मिर्चैयामा समान कामको समान ज्याला र महिलामैत्री संविधान निर्माण गर्नुपर्दछ भन्ने नारा र महिलाहरूले घरेलु हिंसाबाट पीडितहरूको विषयमा सडक नाटक देखाएका थिए । कार्यक्रममा १७५ जनाभन्दा बढी व्यक्तिको सहभागिता थियो ।

त्यसै गरी सप्तरी, धनुषा, महोत्तरी तथा लमजुङ जिल्लामा पनि समग्रसहितका संघसंस्थाहरूले ऱ्याली, सभा र अन्तरक्रिया कार्यक्रम गरी नारी दिवस मनाए ।



# ४७औं अन्तर्राष्ट्रिय विभेद उन्मूलन दिवसमा समग्र सम्मानित

'समानता र सह-अस्तित्वको व्यवहार, संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य आधार' भन्ने मूल नाराका साथ ४७औं अन्तर्राष्ट्रिय विभेद उन्मूलन दिवस २१ मार्च २०१२ मा धादिङमा भव्य रूपमा मनाइयो । दलित संघको संयोजन तथा जिविस, महिला विकास,



समग्रलगायत १९ वटा सरकारी तथा गैरसरकारी संघसंस्थाको सहकार्य र संयोजनमा उक्त दिवस मनाइएको हो । सो अवसरमा धादिङबेँसी पुछार बजारबाट सुरु भएको शान्तिपूर्ण र्‍याली कार्यक्रमस्थलबीच बजारमा रहेको रेडक्रस सभाहलमा पुगेर सभामा परिणत भएको थियो । कार्यक्रम मूल आयोजक समितिका संयोजक तथा दलित सेवा संघ धादिङका अध्यक्ष श्यामबहादुर मगरातीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद आचार्य थिए । त्यसै गरी जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, जिशिअ, प्रहरी प्रमुख, नागरिक समाजका अगुवाहरू, विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरू तथा दलित आन्दोलनका व्यक्तित्वहरू गरी झन्डै १५० जनाको सहभागिता थियो। कार्यक्रमका प्रमुख अतिथि श्री आचार्यले जिल्लामा अन्तरजातीय विवाह गर्ने ३ जोडीहरू डिलबहादुर मगराती र रीता श्रेष्ठ, सानुबाबु मिजार र अम्बिका सिंखडा, चेतबहादुर विश्वकर्मा र कल्पना थपलियालाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो । जिल्लामा दलित हकहित र सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थाहरूमध्येबाट समग्र विकास सेवा केन्द्र तथा व्यक्तित्वहरूमध्येबाट श्यामबहादुर बिसुन्के, लालबहादुर विश्वकर्मा, चमेली मिजार तथा दाल्चे विश्वकर्मालाई सम्मानपत्र र दोसल्लाबाट सम्मान गरियो । त्यसै गरी सो अवसरमा समानता र सह-अस्तित्वको व्यवहार,संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य आधार भन्ने विषयमा आयोजना भएको उच्च मावि स्तरीय वक्तृत्वकला प्रतियोगितामा विजयी हुने छात्र-छात्रालाई पुरस्कार प्रदान गरिएको थियो । शुभकामना मन्तव्यको क्रममा प्रमुख जिल्ला अधिकारी, नेकाका भक्तबहादुर लामा, एमालेका शिव सापकोटा, नेकपा एकीकृतका शिवनिधि खनाल, गैसस महासंघका दामोदर अर्याल, पत्रकार महासंघका सीतारामप्रसाद बर्मालगायतका वक्ताहरूले छुवाछुत तथा जातीय विभेद सामाजिक अपराध हो र कानुनी रूपमा पनि दण्डनीय छ भन्नुहुँदै सम्मानित व्यक्तित्वहरू तथा समग्र विकास सेवा केन्द्रलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए । यसै गरी समग्र विकास सेवा केन्द्र क्षेत्रीय कार्यालय लहानलगायत मानवअधिकार संरक्षण केन्द्र सञ्जालमा आबद्ध २० वटा संघसंस्थाले ४७औं अन्तर्राष्ट्रिय जातीय छुवाछुत दिवस सिरहाको लहानमा २०६८ चैत्र ८ गते भिन्न कार्यक्रमहरू गरी मनाए । बिहान १२ बजे पशुपति माविबाट र्‍याली निकाली लहान बजारको परिक्रमा गरी दुर्गा मन्दिरको अगाडि कोण सभा गरियो । कार्यक्रमको अध्यक्षता मानवअधिकार संरक्षण केन्द्र सञ्जालका संयोजक विनोद बिसुन्केको अध्यक्षतामा प्रमुख अतिथि महेन्द्र पासवान हुनुहुन्थ्यो । कार्यक्रममा महिला २७५ र पुरुष ५७ गरी जम्मा ३३२ जनाको सहभागिता थियो। कार्यक्रममा बोल्दै दलित गैससंका दुर्गा विकले अहिले पनि गाउँघरमा जातीय छुवाछुत भइरहेका छन्। सार्वजनिक भोजमा पनि दलित जातिहरूलाई खानबाट वञ्चित गराइरहेका छन् भन्नुभयो। मलिन साप सीतापुरका अध्यक्ष अधिकलाल रामले नेपालमा कानुन बने पनि व्यवहारमा लागू हुन सकेको छैन। ठूलाबडाहरूले नै जातीय छुवाछुत गर्ने गरेका छन् तर अहिले केही मात्रामा गाउँघरमा केही न्यूनीकरण भएका छन् भन्नुभयो। पत्रकार दिलीप सिंहले नयाँ संविधानमा दलित शब्दलाई नै हटाउनुपर्दछ भन्नुभयो। कार्यक्रममा प्रमुख अतिथि महेन्द्र पासमानले छुवाछुत तराईमा मात्र होइन पहाडतिर पनि भएको हुनाले सबैले शिक्षामा जोड दिनुपर्दछ । शासक वर्गहरूले अहिले पनि दलित वर्गलाई अधिकारबाट वञ्चित गराइरहेका छन् त्यसका लागि हामी संगठित भएर लाग्नुपर्दछ भन्नुभयो । ।

